# नेपाल गजेट

## भाग २

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७] काठमाडौं। वैशाख २१ गते २०१४ साल [अतिरिक्ताङ्क १

स्वस्तिश्री गिरिराज-चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली-विराजमानमानोन्नत ओजस्वीराजन्य प्रोज्ज्वलनेपालतारा ॐरामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबलगोरखादक्षिणबाहु महाधिपति फिल्डमार्शल र सर्वोच्च कम्याण्डर इनचीफ श्रीमन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्रवीरविक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्गदेवानाम् सदासमरविजयिनाम् ।

## दौडाहा न्याय प्रशासनको विशेष व्यवस्था गर्ने बनेको ऐन

सर्वोच्च अदालतका न्यायाधीश दौडाहा गर्न जाँदा केही विशेष अधिकार दिनपर्ने आवश्यक देखिएकोले श्री ५ महाराजाधिराजबाट मन्त्रिमण्डलका सल्लाहअनुसार यो ऐन बनाई जारी गरिबक्सेको छ ।

१. संक्षिप्त नाम, विस्तार र अवधिः— [१] यस ऐनको नाम "दौडाहा न्याय प्रशासन (विशेष व्यवस्था) ऐन, २०१४" रहेको छ ।

[२] यो ऐन नेपाल भरमुलुक तुरुन्त लागू हुनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 25

[३] यो ऐन २०१४ साल चैत्रमसान्तसम्म लागू रहनेछ ।

[४] यो ऐनको अवधि समाप्त भएपछि यो ऐनलाई कुनै अर्को नेपाल ऐनले खारेज गरेको सरह मानिई यस ऐनअन्तर्गत भए गरेको काम कुरामा नेपाल कानून व्याख्यासम्बन्धी ऐन, २०१० को दफा ४ लागू हुनेछ ।

२. परिभाषा:— विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा—

[क] "मातहत अदालत" भन्नाले अदालततर्फका देहायका अड्डा अदालत सम्झनुपर्छ ।

[१] न्याय प्रशासन [पुनर्गठन] ऐन लागू भएपछि जिल्ला अदालत र इलाका अदालत ।

[२] न्याय प्रशासन [पुनर्गठन] ऐन लागू नभएसम्मलाई आंचली अदालत, अमिना तहसील, अपील र अदालततर्फको अपील सुन्ने अड्डा ।

(ख) "न्यायाधीश" भन्नाले दौडाहा जाने सर्वोच्च अदालतका स्थायी वा अतिरिक्त न्यायाधीश सम्झनुपर्छ ।

३. न्यायाधीशलाई विशेषाधिकार:—प्रचलित कानूनमा जेसुकै लेखिएको भए तापनि न्यायाधीश दौडाहा गर्दा देहायबमोजिम गर्न सक्नेछन् ।

[१] मुद्दा मामिलाहरू ठाडै बुझी शुरु कारवाई गरी फैसला गर्न वा मातहत अदालतमा परी रहेको मुद्दा मामिला झिकी हेर्न, फैसला गर्न, वा आफूले हेरेका मुद्दा मामिला अपील सुन्ने मातहत अदालतमा सार्न, र

[२] दौडाहा गएका जिल्लामा बहाल रहेका मातहत अदालतहरूका कर्मचारीको काम कारवाई वा आचरणबाट निजलाई बर्खास्त गर्न, तल्लो दर्जामा घटाउन, तलबवृद्धि रोक्न वा सस्पेण्ड राख्न गर्न देखिन आएमा सो गर्न ।

तर:—

न्यायाधीशले कुनै कर्मचारीलाई सजायको आदेश दिनुभन्दा पहिले निजलाई आफ्नो सफाई दिने मनासिबमाफिकको मौका दिनुपर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. अपील:— दफा ३ बमोजिम भएको फैसला वा आदेश उपर सर्वोच्च अदालतमा अपील लाग्नेछ ।

५. नियमहरू बनाउने अधिकार:— यो ऐनका उद्देश्यहरूलाई कार्यान्वित गर्न सरकारले सर्वोच्च अदालतको सल्लाह लिई नियमहरू बनाउन सक्नेछ ।

६. खारेजी:— सर्वोच्च अदालत ऐन, २०१३ को दफा १० को प्रतिबन्धात्मक वाक्यांश खारेज गरिएको छ ।

इति मिति २०१४ साल बैशाख १२ गते रोज ४ शुभम्—

आज्ञाले—
नयनबहादुर.
सेक्रेटरी—कानून मन्त्रालय.

गोरखापत्र छापाखानामा मुद्रित । [illegible]

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।